# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ अनुसार सार्वजनिक गरिएको विवरण ।

**१ निकायको स्वरुप र प्रकृती :**
कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "ग" बर्गको ईजाजतपत्र प्राप्त गरि संचालनमा रहेको बित्तीय संस्था ।

**२ निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३, कम्पनी ऐन २०६३ तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन लगायत संस्थाको आन्तरिक नीति, निर्णय बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।

**३ निकायमा रहने कर्मचारी संख्या र कार्य बिवरण :**
वित्तीय संस्थामा हाल ७९ जना कर्मचारी कार्यरत छन् र संस्थाले तोकेको कार्य बिभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत संचालन भई रहेको छ । व्यवस्थापन समुहको नाम र पद संस्थाको बेवसाईट www.shreefinance.com.np मा उपलब्ध रहेको छ ।

**४ निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३ मा व्यवस्था भए बमोजिम राष्ट्रिय स्तरको **"ग" वर्गको वित्तीय** संस्थाले प्रदान गर्न सक्ने वित्तीय कारोवारहरु ।

**५ सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
संस्थाको शाखा कार्यालय तथा सोको जिम्मेबार पदाधिकारीहरुको नाम यस संस्थाको बेवसाईट www.shreefinance.com.np मा उपलब्ध छ ।

**६ सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि :**
संस्थाले प्रदान गर्ने बिभिन्न सेवाको शुल्क तथा अवधि सञ्चालक समितिले निर्धारण गरे अनुसार यस संस्थाको बेवसाईट www.shreefinance.com.np मा रहेको छ ।

**७ निर्णय गर्ने प्रकृया र अधिकारी :**
संस्थाको बित्तीय कारोबार सम्बन्धमा बिभिन्न प्रकारका निर्णयहरु बिभिन्न तहका अधिकारीहरुले संस्थाको नीति निर्देशिकाको अधिनमा रही गर्न सक्ने व्यवस्था मिलाईएको छ । नियमित कार्य संचालन सम्बन्धमा कार्यकारी प्रमुख तथा सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

**८ निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकको गुनासो तथा उजुरी सुन्नकालागी केन्द्रीय स्तरमा निम्न पदाधिकारीलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ ।
प्रवन्धक :श्री दुर्गा लम्साल
फोन :०१-४४२६१४६, ४४२२०३८, EXT: ११३
इमेल: durgalamsal@shreefinance.com.np

**९ सम्पादन गरेको कामको बिवरण :**
बित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलि एवं बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम "ग" बर्गका बित्तीय संस्थाले गर्नु पर्ने कार्यहरु सम्पादन भई रहेको छ ।

**१० सूचना अधिकारी र प्रमुखको नाम :**
ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न केन्द्रीय स्तरमा देहायका पदाधिकारीलाई प्रमुख सूचना अधिकारी तोकिएको छ ।
प्रवन्धक श्री दुर्गा लम्साल
फोन :०१-४४२६१४६, ४४२२०३८ EXT: ११३
इमेल: durgalamsal@shreefinance.com.np
साथै, यस संस्थाको शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था मिलाईएको छ । अन्य कुनै गुनासो भएमा सिधै प्रमुख सूचना अधिकारीलाई सम्पर्क गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

**११ ऐन, नियम, बिनियम वा निर्देशिकाको सूची :**
प्रचलित ऐन, नियम, बिनियम तथा निर्देशिका अन्तरगत रहि बित्तीय संस्थाले कामकाज गर्नु पर्ने हुदा देहाय अनुसारका ऐन, नियम, बिनियम तथा निर्देशिका कार्य संचालनकालागी रहि आएका छन ।
१. बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३
२. कम्पनी ऐन २०६३
३. नेपाल राष्ट्र बैंक ऐन, २०५८
४. बैंक तथा बित्तीय संस्थाको ऋण असुलि ऐन, २०५८
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिंग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धि ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. करार ऐन, २०५६
१०. बिनिमय अधिकारपत्र ऐन, २०३४
११. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा बिनियमहरु
१२. नेपाल राष्ट्र बैंक लगायत अन्य सबै नियमनकारी निकायहरुबाट जारी गरिएका निर्देशिका तथा परिपत्रहरु ।

**१२ आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक बिवरण :**
संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि विवरणहरु त्रयमासिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा नियमित रुपले प्रकाशित हुदै आएको छ साथै उक्त विवरण संस्थाको बेवसाईट www.shreefinance.com.np मा समेत राख्ने गरिएको छ ।

**१३ तोकिए बमोजिमका अन्य बिवरण :**
नभएको ।

**१४ अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको बिवरण :**
सामाजिक उत्तरदायीत्व अन्तरगतका विभिन्न कार्यक्रमहरु संचालन भएको ।

**१५ सार्वजनिक निकायको बेवसाईट भए सोको बिवरण :**
संस्थाको बेवसाईट www.shreefinance.com.np रहेको छ ।

**१६ सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि बिवरण :**
संस्थालाई प्राप्त इजाजत पत्र अनुसार वित्तीय कारोवार गर्ने भएकोले अन्य कुनै प्रकारको बैदेशिक सहायता, ऋण, अनुदान एव प्राविधिक सहयोग र सम्झौता जस्ता कार्यहरु भए गरेको छैन ।

**१७) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति बिवरण :**
नभएको ।

**१८) सार्वजनिक निकायले बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावलि र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड लगायत कम्पनी रजिष्ट्रारको कार्यालयबाट नियमित रुपमा प्रकाशन गर्न निर्देशन भई आए अनुरुपका बित्तीय विवरण लगायतका सूचना सामग्रीहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि संस्थाको बेवसाईट www.shreefinance.com.np मा समेत राख्ने गरिएको छ ।

**१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको बिवरण :**
नभएको ।

**२०) सार्वजनिक निकायमा सूचना अन्यत्र प्रकाशित भएमा वा हुने गरेको भए सोको बिवरण :**
नियमनकारी निकायबाट नियमित रुपमा प्रकाशन गर्न निर्देशन भई आए अनुरुपका सूचना सामग्रीहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि संस्थाको बेवसाईट www.shreefinance.com.np मा समेत राख्ने गरिएको छ ।

**२१) वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**
वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ:
प्रमुख कार्यकारी अधिकृत :श्री लिलामणि न्यौपाने
श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं.लि. कामनपा ३०, डिल्लीबजार काठमाडौं
फोन :०१-४४२६१४६, ४४२२०३८


## श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.

डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोनः ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्सः ९७७-१-४४२१७७९, E-mail: info@shreefinance.com.np